जलजला गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
लाम्माखेत, पर्वत
गण्डकी प्रदेश, नेपाल
☎०६९-५२२००२

पत्र संख्याः- ०७७/७८ प्रशासन

चलानी नं.:-

मितिः २०७७।०८।०५

बिषयः रासायनिक मल बिक्रेताका लागि अनुमति लिने सम्बन्धी सूचना ।

प्रस्तुत बिषयमा अनुदानको मल वितरण ब्यवस्थापन निर्देशिका, २०७७ अनुसार स्थानिय तहमा रासायनिक मल बिक्रि वितरण गर्न चाहने इच्छुक निर्देशिका बमोजिमका सहकारी संस्था, फर्म तथा कम्पनीहरुले स्थानीय समितिको सिफारिसमा वितरक कम्पनीबाट अनुमति प्रमाण पत्र लिने ब्यवस्था भए अनुसार मल बिक्रेता अनुमति लिनका लागि डिपो राख्ने स्थान र मल बिक्रीवितरण गर्ने क्षेत्र (वडा र टोल) समेत खुलाई मिति २०७७।०८।१२ गते कार्यालय समय भित्र तपशिलका कागजात संलग्न राखि रित पूर्वक निवेदन पेश गर्नुहुन सम्बन्धीत सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको ब्यहोरा अनुरोध छ । साथै म्याद नाघि आएका र रित नपुगेका निवेदन माथि कुनै कारवाहि नगरिने ब्यहोरा समेत अनुरोध छ ।

तपशिलः

१. बिक्री डिपो राख्न चाहको ठेगाना र स्थान समेत खुलाई रित पूर्वकको निवेदन,
२. सहकारी संस्था, फर्म (प्राइभेट फर्म रजिष्ट्रेसन ऐन, २०१४ बमोजिम) वा कम्पनी दर्ता प्रमाण पत्र ( कम्पनी ऐन, २०६३ बमोजिम) को प्रतिलिपि,
३. विगत दुई वर्षको लेखा परिक्षण प्रतिवेदनको प्रतिलिति,
४. अनुभव, कार्यदक्षता, कार्यक्षमताको विवरण,
५. नापतौल गर्ने मेशिन, गोदाम घर, सूचना प्रविधि लगायतका भौतिक पूर्वाधारको विवरण खुलाउनु पर्ने ।

अर्जुन शर्मा
प्रमुख प्रशासकिय अधिकृत